# पटेर्वा सुगौली गाउँपालिका

## पर्सा

## मधेश प्रदेश, नेपाल

वार्षिक नीति, कार्यक्रम तथा बजेट

आ.व. २०७९/०८०

<u>प्रस्तुतकर्ता</u> :

श्री ममता महतो

उपाध्यक्ष

पटेर्वा सुगौली गाउँपालिका, पर्सा

मिति : २०७९ असार १० गते शुक्रबार

# पटेर्वा सुगौली गाउँपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट

पटेर्वा सुगौली गाउँपालिकाका श्रध्देय अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँपालिकाका सम्पूर्ण वडाध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, गाउँसभाका सदस्यहरु, कार्यालयका राष्ट्रसेवक कर्मचारीहरु, संचारकर्मी ज्यूहरु, नेपाल प्रहरी, शसस्त्र प्रहरी लयागतका सुरक्षाकर्मी ज्यूहरु, अन्य उपस्थित महानुभावहरु,

मुलुकको संघीय शासन प्रणालीमार्फत गठित दोश्रो स्थानीय सरकारको प्रथम बार्षिक नीति तथा कार्यक्रम यहाँहरु माझ लिएर उपस्थित भएकी छु। मुलुकलाई यस अवस्थामा ल्याई पुर्‍याउन आफ्नो जीवनपर्यन्त योगदान गर्नुहुने सम्पूर्ण राजनीतिक दलका अग्रजहरु, विभिन्न आन्दोलन एवं संघर्षमा जीवनको बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु, घाइते तथा बेपत्ता परिवारहरु, नागरिक समाज एवं परिवर्तनका सम्पूर्ण हिमायतीहरुप्रति विशेष सम्मान सहित स्मरण गर्न चाहन्छु।

सभाध्यक्ष महोदय,

कोरोना महामारी लगायतका कारणले देशमा व्याप्त आर्थिक संकटको साक्षी बन्दै यस गाउँपालिकाको भाग्य र भविष्यसँग जोडिएको गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा हामीमाझ अनेकौं चुनौतीहरु आइपरेको यथार्थ छ। जसरी अँध्यारो रातपछि उज्यालो विहान अवस्य आउँछ, त्यसैगरि हामीमाझको चुनौती पनि यस गाउँपालिकाको विकास एवं आत्मनिर्भरताको अभियानको एउटा ऐतिहासिक अवसरको रुपमा रहनेछ भन्ने मेरो विश्वास समेत व्यक्त गर्न चाहन्छु।

सभाध्यक्ष महोदय,

स्थानीय तहको दोश्रो कार्यकालको निर्वाचन पश्चात स्थानीय सरकारको बागडोर सम्हाली पाँच वर्षे कार्यकालमा प्रवेश गरेका हामी सम्पुर्ण जनप्रतिनीधिहरुलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिन चाहन्छु। संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त न्यून अनुदान एवं गाउँपालिकाको सिमित आयस्रोतका बावाजुद हामीले निर्वाचनमा बाँडेका विकास निर्माणका सपनाहरु पुरा गर्ने प्रतिबद्धता गर्दछौं। अघिल्लो स्थानीय सरकारले आम नागरिकमा पुर्‍याएका सेवा एवं विकासका योजना तथा कार्यक्रमले दैनिकी फेरिदै गएको महसुस भएको छ। वर्षौंदेखि अल्मलिएको विकास प्रक्रियाले गति लिएको छ भने नागरिकमा विकासप्रतिको चासो बढेको छ। हिजोका दिनमा हजारका योजनामा चित्त बुझाउने हामी पटेर्वा सुगौलीबासी आज करोडौका योजना आफै संचालन गरिरहेका छौं। यो सबै तपाई हाम्रो विकासप्रतिको लगाव, परिवर्तनको प्रतिफल एवं नागरिकको चाहनाबाटै सम्भव भएको छ। यसका लागि योगदान गर्ने संघीय सरकार, प्रदेश सरकार, विकासका साझेदार संस्थाहरु, सम्पूर्ण राजनीतिक दलहरु एवं आम सर्वसाधारणहरुमा म हार्दिक धन्यवाद दिन चाहन्छु।

सभाध्यक्ष महोदय,

पहिलो कार्यकाल सकी दोश्रो कार्यकालमा प्रवेश गरिरहँदा हामीले अझै थुप्रै विकास प्रतिफल दिनुपर्नेछ। विगतका पाँच आर्थिक वर्षका सिकाई एवं अनुभवलाई गम्भीर रुपमा समिक्षा गर्दै आगामी दिनमा अझ गतिशील र दिगो विकास जनतालाई दिनु पर्नेछ। यस सन्दर्भमा नै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम केन्द्रित रहेको विश्वास यहाँहरुमाझ दिलाउन चाहन्छु।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, संघीय एवं प्रदेश सरकारको नीति तथा कार्यक्रम, संघीय एवं प्रदेश सरकारको आवधिक योजना, नेपाल सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा प्रतिवद्दता जनाएका विषयहरु, दिगो विकासको लक्ष्य एवं आम पटेर्वा सुगौली गाउँपालिकाबासी आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुले व्यक्त गर्नु भएको विकासका चाहना र आकांक्षाहरु नै यस नीति तथा कार्यक्रमका मार्गनिर्देशनहरु हुन्।

पर्सा जिल्लाकै ऐतिहासिक श्री श्री श्री १०८ श्री दुधेश्वरनाथ महादेव (भाथा बाबा) को नगरीको रुपमा चिनिएको यस गाउँपालिकाका जनताको आवश्यकतालाई सम्बोधन गर्न छिटो र प्रतिफलयुक्त विकासलाई प्रवर्द्धन गर्न र न्यून स्रोतबाट अधिकतम क्षेत्र समेट्नु यस नीति तथा कार्यक्रमको मूख्य ध्येय रहेकोछ। कार्यान्वयन गर्न नसकिने प्रकृतिका विकासका योजना पेश गरी आम नागरिकमा भ्रम फैलाउनु र नीति तथा कार्यक्रमलाई विकासको मोटो कागजी दस्तावेज बनाउनु भन्दा कार्यान्वयन योग्य, संक्षिप्त कार्यक्रमको गोजी पात्रो बनाउनु यस नीति तथा कार्यक्रमको मूख्य लक्ष्य हो ।

सभाध्यक्ष महोदय एवं गाउँ सभा सदस्यज्यूहरु,

पटेर्वा सुगौली गाउँपालिकाको "***शिक्षा स्वास्थ्य कृषि पर्यटन र पूर्वाधार , समृद्ध पटेर्वा सुगौलीको मूल आधार*** " भन्ने मूल नारामा केन्द्रित रहेर यस बर्षका सम्पूर्ण आर्थिक क्रियाकलापहरु सञ्चालन गरिनेछन्।

अब म यस गाउँपालिकाको आर्थिक वर्ष २०७९।०८० को बार्षिक नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**१. मुलभूत नीति तथा कार्यक्रमः**

१. स्थानीय तहको शासन संचालन गर्न अत्यावश्यक कानुनहरु तर्जुमा गरी सम्मानित गाउँसभा बाट पारित गराइ आम नागरिकलाई स्थानीय सरकारको उपस्थितिको आभाष दिलाइनेछ।

२. रचनात्मक तथा सकारात्मक सोचका साथ उन्नति, प्रगति, समृद्दि एवं विकासको दूरदृष्टी तय गरी योजनाबद्ध तरिकाले अगाडि बढ्न गाउँपालिकाको विद्युतीय प्रोफाइल निर्माण गरी गाउँपालिकाको बहु वर्षीय गुरू योजना तयार गरिनेछ।

३. समृद्ध गाउँपालिका निर्माणका लागी सार्वजनिक, निजी र सहकारी क्षेत्रको भुमिकालाई प्रभावकारी बनाइनेछ ।गाउँपालिका भित्रका सम्पुर्ण सहकारी संस्थाहरुको लागत संकलन गरी सहकारीहरुको अनुगमन, सुपरिवेक्षण गरिनेछ।

४. बजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरेको लक्ष्य आम जनसमुदायको चाहना, अपेक्षालाई हासिल गर्ने गरी कार्यक्रम तय गरिनेछ।

५. कृषि क्षेत्रलाई गाउँपालिकाको उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ। स्थानीय तरकारी, बाली, नगदेवाली, फलफुल, नर्सरीहरुलाई संरक्षण, संवर्द्धन र कृषि उत्पादनलाई जोड दिइ कृषिको आधुनीकिकरण र व्यवसायीकरण गर्दै कृषिमा आत्मनिर्भर अर्थतन्त्र बनाउने तर्फ जोड दिनुका साथै गुणस्तरीय तरकारी, फलफुल, नगदेवाली, माछा उत्पादन र बेचबिखन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ।

६. पटेर्वा सुगौली गाउँपालिका वासीको जीवनस्तरमा सुधार ल्याउन कृषि उपजमा आधारित उद्योग तथा कलकारखानाहरुको क्रमश स्थापना तथा विकासका लागि आवश्यक पहल गर्दै लगिनेछ।

७. कृषि उत्पादन तथा उत्पादकत्व बढाउन व्यवसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीको पूर्वाधारहरुको विकास गरी क्षेत्रीय र विश्व प्रतिर्स्पाधात्मक बनाउने छ।

८. विकासका कार्यहरुलाई परिणाममुखी बनाउन नतिजामा आधारित (Result Oriented) विकास गर्ने परिपाटी अवलम्वन गरिनेछ।

९. प्राकृतिक स्रोत र जैविक विविधताको संरक्षण, सम्बर्द्धन एवं सदुपयोग गर्ने आवश्यक पहल गरिनेछ।

१०.कसैको जग्गा बाँझो नरहोस् भन्ने चेतना जगाउने कार्यक्रम संचालन गरनिने छ।

११.कृषि उपज र फलफूलको उत्पादन तथा बेचबिखनको सम्भाव्यतालाई हृदयङ्गम गर्दै नर्सरीको स्थापना तथा बजारीकरण गर्न विशेष पहल गरिनेछ ।

१२.गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वाधारहरुलाई गुणस्तर र प्रभावकारी बनाउन प्राविधिकरुपमा पूर्व सम्भाव्यता अध्ययनलाई अनिवार्य बनाइने छ।

१३.गाउँपालिकामा रहेका प्राकृतिक श्रोतसाधन लगायतको संरक्षण र सम्वर्द्धन गर्न , आवश्यक निकायहरु संग पहल गरिनेछ।

१४.बालविवाह तथा बालश्रम एक समस्याका रुपमा रहेकाले बालविवाहका घटनाहरुला अन्य सामुदायिक सन्जालहरु र प्रहरी प्रशासनको समेत संलग्नतामा क्षमता विकास गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ।

१५.सामाजिक सूरक्षा कार्यक्रमलाई अझै भरपर्दो र सहज बनाउन बैंकिङ प्रणाली )Banking System ) मार्फत सामाजिक सुरक्षा वितरण गर्ने व्यवस्था मिलाइनेछ। अति अशक्त व्यक्तिहरुलाई सहज रुपमा सामाजिक सुरक्षा वितरणको लागि बैंकसंग समन्वय गरिनेछ।

१६. शिक्षा क्षेत्रमा भएको लगानीको प्रतिफलमा प्रभावकारिता अभिवृद्धि गर्न सेवाको गुणस्तरमा थप व्यवस्था मिलाइनेछ ।सीपयुक्त शिक्षाका लागि प्राविधिक तथा व्यावसायिक शिक्षालाई क्रमशः विस्तार गर्दै लगिनेछ।

१७.स्वस्थ अनुशासित तथा सिर्जनशिल युवा शक्ति उत्पादन गर्न खेलकुद क्षेत्रको विकास गर्न आवश्यक पूर्वाधार तयार गरिनेछ।

१८.गाउँपालिकालाई अपाङ्गमैत्री ,प्रविधिमैत्री ,बालमैत्री, वातावरणमैत्री लैङ्गिक हिंशा मुक्त बनाउने नीति अवलम्बन गरिने छ ।

१९.गाउँपालिकाभित्र संचालित योजना तथा कार्यक्रमहरुको सयुक्त अनुगमन टोली (Joint Monitoring Team) गठन गरी सुपरिवेक्षण , अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी रुपमा लागु गरिनेछ।

२०.सेवाग्राहीहरुको गुनासो तथा उजुरीहरुलाई तत्कालैसुनुवाई (Rapid Response) गर्ने व्यवस्था गरिनेछ ।

२१.पारदर्शिता ,इमान्दारिता ,जवाफदेहिता , कर्तव्यनिष्ठता साथ सेवा प्रवाहलाई भ्रष्टाचार रहित ,नागरिकमैत्री ,सुशासनमैत्री बेरुजु रहित बनाइनेछ ।

२२.प्रशासनिक कामकारबाहीलाई सरल,चुस्त  प्रभावकारी बनाउन लामो र झन्झटिलो निर्णय प्रकृयालाई घटाउँदै एकद्वार सेवा प्रवाह प्रणाली(One Door System) अपनाइनेछ ।

२३.आवधिक योजनाहरु विकास गर्नका लागि गाउँपालिकास्तरीय आवधिक योजना ( Rural Municipal Periodic Plan) तर्जुमा गर्नका लागी आवश्यक पहल गरिनेछ ।

२४.सामाजिक संघ संस्था संचालन कार्यविधि तयार गरी संघ संस्थाहरुको अनुगमन मुल्याङ्कन तथा सुपरिवेक्षण प्रकृयालाई कडाईका साथ लागु गरिनेछ । कार्यक्रम डुप्लिकेशन हुन नदिन विशेष व्यवस्था गरिनेछ ।

२५. यस गाउँपालिका भित्र छरिएर रहेका साना संघ, संस्था, सहकारी, ठुला व्यवसायी, आमा समुह, महिला समुह, विभिन्न कृषि समुह सुचिकृत गरी आवश्यक अनुगमन, मुल्यांकन तथा सुपरुवेक्षण गरिनेछ ।

२६.गाउँपालिका क्षेत्र भित्र कुनै पनि संस्थाले तालिम , गोष्ठी सेमिनार संचालन गर्नु परेमा गाउँपालिकाको  समर्थन लिनु पर्नेछ । साथै त्यस्ता कार्यक्रममा सहभागीको नामावली अनिवार्य सार्वजनिक गर्नुपर्नेछ ।

२७.रसायन मुक्त क्षेत्र घोषणा गर्न पूर्वाधार तयार गरिनेछ ।

२८.खुल्ला दिशा मुक्त क्षेत्र गाउपालिकालाई कायम राखिनेछ।

२९.पूर्ण खोप युक्त गाउपालिकाको अवस्थालाई कायम राखिनेछ।

३०.पटेर्वा सुगौली गाउँपालिकाको दृष्टि, कृषि, स्वास्थ्य र पूर्वाधार मार्फत समृद्धि भन्ने मुल नीति अवलम्बन गरिने छ ।

३१.गाउँपालिका भित्र संचालन हुने विकास निर्माणको योजनाहरूमा  (३ % Contingency Cost) काटिनेछ।

३२. गाउँपालिका भित्र संचालनमा रहेका योजनाहरुको विशेष अनुगमन, सुपरिवेक्षण तथा मुल्याङ्कन गरी योजना सम्झौता बमोजिम कार्यान्वयन नगर्ने कम्पनि, ठेकेदार, निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुलाई कानुनको दायरमा ल्याई कारवाहि प्रकृया अगाडी बढाइनेछ ।

३३.गाउँपालिकाको नियमित प्रशासनिक सेवा प्रवाहलाई "मुस्कान सहितको सेवा" (Service With Smile) को नीति लिइनेछ ।

३४. आर्थिक बिकासका लागि बेरोजगार युवाहरुलाई शिपमुलक तालिम दिई दक्ष जनशक्तिको निर्माण गरिने छ ।

३५. लघु उधम बिकास संस्थालाई प्रोत्साहन गरिने छ र शिप मुलक तालिम प्राप्त बेरोजगारहरुलाई स्थानीय बैंकसंग ऋण उपलब्ध गराउन समन्वय गरिने छ ।

३६. संघिय सरकार र प्रदेश सरकारबाट संचालन हुने योजना / कार्यक्रम गाउँपालिकाको समन्वय र सहकार्यमा गाउँपालिकाको योजना / कार्यक्रममा समावेश गरी मात्र संचालन गर्न दिइने छ ।

३७. गाउँपालिका भित्र दुई लाख भन्दा बढी पूंजि भएका पसलहरुमा अनिवार्य मुल्य सुचि बोर्ड राख्ने ब्यवस्था गरिने छ ।

**२. क्षेत्रगत नीति तथा कार्यक्रमः**

**१. आर्थिक विकासः**

**क) कृषि तथा पशु विकासः**

- कृषि क्षेत्रको आधुनीकिकरण मार्फत गाउँपालिकाको आत्मनिर्भरतालाई सुनिश्चित गर्न विभिन्न अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ।
- रासायनिक विषाधीको प्रयोगलाई न्यूनीकरण गर्न आवश्यक प्रवन्ध गरिनेछ।
- माटो परीक्षण शिविर सञ्चालन गरिनेछ।
- सहकारी संस्थाहरुको सहकार्य तथा साझेदारीमा सहुलियतपूर्ण अनुदानको व्यवस्था गरिनेछ।
- वैदेशिकरोजगारबाट फर्किएका एवं स्वदेशमा नै बेरोजगारका रुपमा रहेका युवालाई कुषि तथ पशुपालन क्षेत्रमा आकर्षित गरिनेछ ।
- कृषि सडकको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- कृषि तथा पशुपालन क्षेत्रको विकासका लागि कृषकहरुलाई तालिम तथा क्षमता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- कृषियोग्य भूमिमा कृषि सडक एवं विद्युत विस्तार गरिनेछ ।

- यस गाउँपालिकामा अदुवा, बेसार खेतीको लागि योग्य जमिन एवम् वातावरण रहेकोले नगदे बालीको रुपामा अदुवा खेती गर्न प्रोत्साहन गरिने छ ।
- कृषकहरुलाई बिउबिजन तथा मलको आपूर्ति सहजताका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- सहकारी संस्थाहरुको सहकार्यमा किसानहरुलाई अवलोकन भ्रमणमा समेत सहभागी बनाइनेछ ।
- नश्ल सुधार कार्यक्रम सञ्चालन गरिनेछ।
- गाउँपालिकाको प्रत्येक वडामा कृषि तथा पशु क्षेत्रका प्राविधिक जनशक्ति थप गरि सेवा प्रवाह नियमित गरिनेछ ।
- तरकारीबाली, नगदेवाली उत्पादनलाई प्रोत्साहन गर्न तरकारी, नगदेवाली उत्पादक र माछा उत्पादक किसानहरुलाई उत्पादन परिमाणको आधारमा प्रोत्साहन स्वरुप विभिन्न अनुदान प्रदान गरिने छ ।
- स्थानीय कृषकहरुलाई विऊविजनमा सहज पहुँच अभिवृदि गर्न विभिन्न विउविजनहरु वितरण गरिनेछ।
- विउ वृद्धि कार्यक्रम संचालन कृषक समुह, सहकारी संस्थाको समन्वयमा सञ्चालन गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र एउटा शत्रु जीव व्यवस्थापन कृषक पाठशालाको स्थापना गरी अगुवा कृषक तयार पारिने छ ।
- स्थानीय कृषकहरुलाई घाँसको परनिर्भरताबाट मुक्त गर्न कम्तिमा एउटा घाँसेबाली स्रोतकेन्द्र स्थापना गरिनेछ।
- पशुपंक्षीहरुलाई लाग्ने विभिन्न रोगव्याधिको निदान गरी आवश्यक औषधि वितरणको व्यवस्था मिलाईनेछ।साथै स्थलगतरुपमै गई पशुपंक्षीहरुको रोग निदान गर्न कम्तिमा २ पटक पशु स्वास्थ्य शिविर संचालन गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र कृषि तथा पशु प्राविधिकहरुलाई आम नागरिकको घरमै गई सेवा प्रवाह गर्न घुम्ती सेवा परिचालन गरिनेछ।
- गाउँपालिकामा कोल्ड स्टोर स्थापनाको लागि आवश्यक बजेट विनियोजन तथा पहल गरिनेछ।
- किसानहरुलाई कृषि उपज बिक्रीका लागि बजार क्षेत्रमा सहज पहुचको लागि कृषि सहकारी संग आवश्यक समन्वय गरिनेछ।
- सामुहिक पशुपालन (४ वटा भन्दा बढी) गर्ने किसानलाई पशुबिमा निशुल्क गरिनेछ।

- कृषि तथा पशु क्षेत्रको सुधारको लागि कृषि तथा पशु विज्ञको व्यवस्था गरिनेछ।
- गोठ तथा भकारो सुधार कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि उपज बृद्धिका लागि कृषि विज्ञको संयोज्कत्वमा एक गाउँ एक बालीको अबधारणालाई अवलम्बन गरिने छ ।
- गाउँपालिकामा उत्पादन भएका दुध बजारिकरणका लागि गा.पा.स्तरिय दुध चिस्यान केन्द्रको स्थापनाका लागि आवश्यक पहल गरिने छ ।
- गाउँपालिका भित्र उत्पादन भएका तरकारी बजारिकरणका लागि तरकारी संकलन केन्द्रको स्थापना गरिने छ ।

**ख) पर्यटनः**

- स्थानीय पर्यटनका सम्भावनाहरुलाई यथासम्भव खोज अनुसन्धान, संरक्षण तथा प्रवर्द्धन गर्न पटेर्वा सुगौली गाउँपालिकाको पर्यटन गुरुयोजना निर्माण गरिनेछ। यस गाउँ क्षेत्रका पर्यटकीय महत्व बोकेका सँरचनाहरुको पहिचान तथा विकास गरि वृहत्तर आर्थिक उपार्जनको रुपमा प्रवर्द्धन गरिनेछ।
- मधेश प्रदेश सरकारले श्री श्री श्री १०८ श्री दुधेश्वरनाथ महादेव (भाथा बाबा) लाई धार्मिक पर्यटनको रुपमा घोषणा गरेकोलाई कार्यन्वयन गर्न आवश्यक पहल गरिनेछ।
- भुमरी माईमा थारु संग्रहालय स्थापना गरिनेछ।
- पर्सा जिल्ला प्रमूख प्रटकीय स्थलको रुपमा रहेको श्री श्री १०८ दुधेश्वरनाथ महादेव (भाथा बाबा) को विकासको लागि विस्तृत कार्यक्रम प्रतिवेदन (DPR) तयार गरिनेछ।
    - श्री श्री श्री १०८ श्री दुधेश्वरनाथ महादेव (भाथा बाबा), भुमरी माई, गादी माई लगायतका धर्मिक स्थलमा अस्थायी शौचालयको व्यस्थापन गरनेछ।
  - स्थानीय भाषा , संस्कृति, रहनसहन एवं सम्पदाको जगेर्ना गरी सांस्कृतिक मेला प्रदर्शनीको पहल गरिनेछ।
  - धार्मिक पयर्टनको प्रर्वद्धन गर्न आवश्यक समितिहरु गठन गरिनेछ।
  - एक वडा एक नमुना पर्यटकीय स्थलको निमार्णको सुरुवात गरिनेछ।

ग) वित्तिय ब्यवस्था

- गाउँपालिकाका सम्पूर्ण कारोबारलाई बैंकिङ प्रणालीमा आबद्ध गरिनेछ ।
- सामाजिक सुरक्षालाई बैकिङ्ग प्रणाली मार्फत वितरण गरिनेछ।
- गाउँपालिकाका सबै व्यवसायी, उद्योगी, व्यपारी एवं सेवा प्रदायकलाई तोकिएको करको दायरामा ल्याइनेछ साथै कर छली गर्ने, करको दायरामा नआउनेलाई कारवाही गरिनेछ ।
- वडा कार्यालयमार्फत हुने राजश्व संकलन नियमित गरिनेछ ।

२. सामाजिक बिकासः

क) शिक्षाः

- विद्यालयको भौतिक संरचनालाई क्रमिक सुधार गर्दै लगिनेछ ।
- यस गाउँपालिका अन्तर्गत रहेका बिधालयलाई आवश्यकपर्ने भौतिक पुर्वाधार बिकाशको लागि पहल गरिने छ|
- प्राविधिक शिक्षालयको स्थापना गर्न आवश्यक पहल गरिनेछ।
- यस गाउँपालिकामा एक बहुमुखी(त्रिपालिका) क्याम्पसको स्थापनाको लागि आवश्यक पहल गरिनेछ।
- शिक्षक शिक्षिकाहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ।
- पालिका स्तरीय एक ई-लाईब्रेरी स्थापना गर्न गैर सरकारी संघ संस्थाहरु समन्वय गरिनेछ।
- विपन्न जेहेन्दार बालबालिकाको उच्च शिक्षाका लगि छात्रवृत्ति प्रदान गरिनेछ।
- आगामी आ.व. देखि कक्षा ५ सम्म अनिवार्य अंग्रेजी कक्षा संचालन गर्न आवश्यक तयारी गरिनेछ।
- यस पालिका अन्तर्गतका प्रत्येक वडाका १/१ सामुदायिक/सरकारी विद्यालयमा १/१ थान डेस्कटप प्रिन्टर हस्तान्तरण गरिनेछ ।
- विद्यालयहरुको एकै विद्यालय कलर कोड अनुसार रंगरोगन गर्नको लागि आवश्यक बजेट बिनियोजन गरिनेछ।
- यस पालिकाका अन्तर्गतका "एक वडा एक नमुना विद्यालय" लागि प्रोत्साहन गरिनेछ।
- शिक्षक दरबन्दि मिलान सम्बन्धी प्रतिवेदन अनुसार शिक्षक व्यस्थापन गर्न पहल गरिनेछ।
- शिक्षा सम्बन्धी स्थनीय तहको शिक्षा ऐन, नियमावली, कार्यविधि, निति तथा निर्देशिका लगायतका कानून निर्माण गरिनेछ ।
- विद्यालयस्तर देखि नै विधार्थीहरुलाई खेल खेल्ने वातावरण बनाउनको लागि खेल सामाग्री वितरण गरिनेछ।
- सबै मावि विद्यालयहरुमा इनटरनेट तथा कम्युटरको पहुँच पुर्‍याइनेछ ।
- माध्यमिक तथा आधारभूत तहको नतिजा एव. समग्र विद्यालयको कार्यसम्पादन मुल्याङ्कन गरि उत्कृष्ट विद्यालय, व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक र विद्यार्थी छनौट गरी सम्मान गरिनेछ ।
- सामुदायिक विद्यालयमा दिइदै आएको छात्रवृति कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- शिक्षक र प्रधानाध्यापकहरुको कार्यसम्पादन मूल्याङ्कन शैक्षिक नतिजामा आधारित बनाइनेछ

- विद्यालय व्यवस्थापन समितिलाई शिक्षा सुधारका लागि जिम्मेवार र जवाफदेही बनाइनेछ ।
- खेलकुदका माध्यमबाट सिर्जनात्मक सिकाईलाई जोड दिइने व्यवस्था मिलाइनेछ।
- विद्यालय व्वस्थापन समिति नभएका विद्यालय समिति गठन गर्न आवश्यक पहल गरिनेछ।
- बालबिकास शिक्षिकाहरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ।
- पालिका स्तरिय शिक्षा प्रोफाइल तथा शिक्षा बिकास योजना निर्माण गरिने छ ।

**ख) स्वास्थ्यः**

- स्वास्थ्य चौकीहरुको व्यवस्थापन नियमावली तर्जुमा गरि अनुगमन व्यवस्था प्रभावकारी बनाइने छ। स्वास्थ्य चौकीमा प्रयोगशाला (Lab) स्थापना गरी संचालनमा ल्याईनेछ।
- स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधारमा स्तरोन्नती गरिनेछ। प्रसुति सेवालाई व्यवस्थित गर्न Birthing Center लाई विस्तार गरिनेछ ।प्रसुति केन्द्रमा बच्चा जन्माउने आमालाई पोषण युक्त खाद्यान्न तथा सुत्केरी कपडा बितरण गरिने छ । साथै वडा नं. २ को बर्थिङ्ग सेन्टरको नया भवन निर्मानमा गरिनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धि गर्दै वडा, वस्ति, टोलस्तरमा उनीहरुको सिप, दक्षता, अनुभवको उच्चतम प्रयोग गर्दै खोप केन्द्रहरुलाई व्यवस्थित ढंगले संचालन गरिनेछ ।साथै उनीहरुको मनोबल बढाउन प्रोत्साहन भता थप गरिनेछ।
- ६० बर्ष भन्दा माथिका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई सम्मान जनक विदाई गरिनेछ।
- नेपाल सरकारले निशुल्क रुपमा प्रदान गरेको सबै प्रकारका औषधिहरुलाई बाह्रै महिना चौविसै घन्टा निशुल्क रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ।
- गाउँपालिका क्षेत्रभित्र रहेको एम्बुलेन्सको उचित व्यबस्थापन गरिनेछ। साथै थप एम्बुलेन्सको व्यस्थापन गरिनेछ।
- गाउँपालिकालाई पूर्ण खोप घोषणा गरिनेछ।
- बहुक्षेत्रीय कार्यक्रम निरन्तरताको लागि आवश्यक बजेट गा.पा.बाट थप गरिनेछ।
- गा.पा. भित्रको गर्भवतीहरुको लागि गर्भवती पोषण कार्यक्रम संचालन गरिनेछ।
- गर्भवतीहरुको लागि गापा भित्रै निशुल्क अल्ट्रा साउण्ड सेवा प्रदान गर्न आवश्यक बजेट विनियोजन गरिनेछ।
- स्वास्थ्य संस्थालाई नेटवर्किङ संग जडान गरी अनलाईन रिपोर्टिङको व्यवस्था गरिनेछ ।साथै स्वास्थ्य कर्मीहरुलाई अन लाईन काम गर्न क्षमता बृद्धि गरिनेछ।
- विशेषज्ञ चिकितसकहरुको समन्वयमा एकिकृत घुम्ती शिविर संचालन गरिनेछ।

- प्रत्येक पटेर्वा सुगौली गाउँबासीहरुलाई स्वास्थ्य बिमा गराउनलाई अभियान सञ्चालन गरिनेछ।
- विपन्न नागरिकको उपचारका लागि स्थापना गरिएको जनता उपचार कोषमार्फत सहायता नियमित गरिनेछ।
- शारिरिक व्यायाम, योग, आराधनामार्फत स्वस्थ जीवनशैलीका लागि चेतनामूलक कार्यक्रममा विशेष जोड दिइनेछ साथै आगामी आ.व.को उपयुक्त समयमा योग शिविर संचालन तथा जडिबुटी मार्फत शारिरीक ईम्युनिटी बढाउने कार्यक्रम संचालनमा ल्याईनेछ।
- स्यानेटरी पैड बनाउने तालिम दिई दक्ष जनशक्ति तयार गरी पैड बनाउन तथा स्यानेटरी बैंक स्थापना गर्न आवश्यक सहयोग उपलब्ध गराइने छ ।
- स्वास्थ्य क्षेत्रसँग सम्बन्धित अन्य विषयहरुलाई आवश्यकता औचित्यताकाएवं आधारमा नियमित गर्दै लगिनेछ।

**ग) खानेपानी तथा सरसफाईः**

- स्वच्छ खानेपानिमा पटेर्वा सुगौली बासीको पहुँच अभिवृद्धि गरिनेछ।
- प्रत्येक वडाको हरेक घरधुरीमा खानेपानीमा पहुँच पुर्‍याउन "एक घर एक चापा कल" कार्यक्रम सञ्चालन गरिनेछ|
- प्रत्येक वडामा सरसफाई, फोहोरमैला तथा ढल व्यवस्थापनमा विशेष पहल गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्रका मुख्य चोक/बचार तथा सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गर्ने अवधारणाको विकास गरिनेछ।
- गाउँपालिका पूर्ण खुल्ला दिसामुक्त क्षेत्र घोषणाको अवस्थालाई कायम राखिनेछ।
- वडा नं. २ को मकवानी टोलमा रहेको शिवम् लेयर्स फर्म प्रा.लि. बाट निस्किने दुर्गन्ध हटाउन आश्ययक कदम चालिनेछ।

**घ) संस्कृति प्रवर्द्धनः**

- पटेर्वा सुगौली गाउँपालिकाको कला, सँस्कृति, भाषा, धर्म र सम्पदाको संरक्षण एवं विकासलाई जोड दिइनेछ।
- गाउँपालिकामा रहेका पुरातात्विक महत्वका बस्ती, संरचना, मठ मन्दिर, मस्जीद, दरगाह, शिलालेख जस्ता ऐतिहासिक धरोहरको पहिचान गरी संरक्षण गरिनेछ ।

- थारु बहुलता भएकोले बृहत रुपमा मनाइने माघे संक्रान्ती (खिचडी) पर्वको लागि प्रदर्शनी कार्यक्रम गरिनेछ ।

**ङ) लैंगिक समानता तथा सामाजिक समावेशीकरणः**

- लैंगिकताको आधारमा कसैलाई भेदभाव गरिने छैन साथै यस गाउँपालिकाले लिने हरेक नीतिहरुमा लैंगिक समानतालाई प्रवर्द्धन गरिनेछ ।
- यस गाउँपालिकाबाट प्रवाह हुने हरेक सेवा सुविधामा महिला, बालबालिका, फरक क्षमता भएका, ज्येष्ठ नागरिकहरुलाई विशेष प्राथमिकता दिइनेछ ।
- महिला, दलित, अपाङ्ग, बालबालिका, अल्पसंख्यकहरुको क्षमता विकास, सशक्तिकरणको लागि पहल गरिनेछ ।
- प्रत्येक वर्ष गाउँपालिकामा जेष्ठ नागरिकको लागि सम्मान कार्यक्रम सँचालन गरिनेछ
- २०८० सालमा बालमैत्री तथा बालश्रम मुक्त गाउँपालिका घोषणा गर्न आवश्यक सुचकहरुलाई पुरा गरिनेछ ।

**३.पूर्वाधार विकासः**

**क) सडक तथा पुलः**

- गाउँपालिका केन्द्रबाट प्रत्येक गाउँ बस्ति र वडा केन्द्रलाई सुरक्षित र भरपर्दो सडक संजालमा जोडिनेछ ।
- गाउँपालिकबाट संचालन हुने सडक योजनामा टुक्रे सडक योजना तथा माटोपुरी ग्रेभल गर्ने जस्ता योजनालाई निरुत्साहित गर्दै (कम प्राथमित्ता दिई) सडक कालो पत्रे तथा ढलान कार्यलाई बढी प्राथमित्ता दिइने छ ।
- गाउँपालिका सम्पूर्ण क्षेत्र भित्र नाला व्यवस्थापनको कार्यलाई प्राथमिकताका साथ लगिनेछ ।
- पर्यटकीय क्षेत्रहरुमा पर्यटकहरुको आगावमनमा सहज पहुँचको व्यवस्था गर्न सडक संजालको व्यवस्था गरिनेछ ।
- गाउँपालिका स्तरबाट वार्षिक सडक मर्मत कार्यलाई निरन्तरता दिइनेछ।
- किसानलाई खेतीयोग्य जमिन/खेतमा सहज पहुचको लागि कृषि बाटोमा आवश्यक बजेट विनियोजन गरिनेछ ।

**ख) सिंचाईः**

- खेतियोग्य सुक्खा जमीनमा आधुनिक प्रविधिको सिंचाईको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- सिचाईका लागि आवश्यक दमकल ( pumping set ), बोरिङ, मोटर आदि किसानलाई सहुलियत अनुदानमा उपलब्ध गराइनेछ ।
- कृषि सिचाई कार्यको लागि सहजताको लागि कृषि पोल तार विस्तारको लागि निरन्तरता दिइनेछ।

**ग) भवन निर्माण :**

- गाउँपालिकाको प्रशासनीक भवन निर्माण गर्न आवश्यक जग्गाको व्यस्थापन गरी नेपाल सरकार संग आवश्यक बजेट माग गरी निर्माणको कार्यलाई सुरुवात गरिनेछ।
- गाउँपालिकाको वडा कार्यालयलाई पूर्वाधार मर्मत कार्य तथा नयाँ निर्माण र अस्थायी/लिजमा रहको वडाकार्यालयलाई जग्गा व्यवस्था गरी नयाँ भवन निर्माणको लागि पहल हुनेछ ।
- निजी उपभोगमा रहेको सार्वजनिक सम्पतिलाई गाउँपालिकाको स्वामित्वमा ल्याइनेछ ।
- यस गापा मा बन्ने घरहरुमा नक्सा पास लागु गरिनेछ।
- भुमिहिन/सुकुमवासीहरुलाई लालपुर्जा वितरण गर्न आवश्यक व्यवस्थापन गरिनेछ।

**घ) संचारः**

- गाउँपालिकालाई संचार क्षेत्रसँग जोड्न तथा आम पटेर्वा सुगौली बासीले सूचना संचारको भरपुर उपयोग गर्न पटेर्वा सुगौली गाउँ स्तरीय एफ.एम. संचालन तथा ईन्टरनेट सहितको टेलिफोन सेवाका लागि आबश्यक पहल गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गतका कार्यालयमा डेडिकेटेड ईन्टरनेट सेवालाई निरन्तरता दिई अनलाइनमा आधारित सेवालाई सहजता पुगाउनेछ।
- यस गाउँपालिकाका मातहतका सरकारी कार्यालयहरुमा सिसिटिभि क्यामरा जडान गरी इन्टरनेटको माध्यबाट एकिकृत निगरानीमा ल्याइनेछ।

**४. वातावरण तथा विपद व्यवस्थापनः**

**क) वन तथा भू-संरक्षणः**

- सडक किनारामा भूक्षय प्रतिरोधी विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित समुदायलाई परिचालन गरिनेछ ।
- बाढी तथा भूक्षयग्रस्त क्षेत्रहरुमा विरुवा रोपण गरिने, तटबन्ध निर्माण, त्यसको संरक्षण र उपयोग कार्यमा गरिव तथा भूमिहिन किसानहरुलाई जिम्मा दिइनेछ।

- सडकको दुवै किनारमा बृक्षारोपण गर्न आवश्यक बजेट विनियोजन गरिनेछ।
- जलवायु परिवर्तनः
- गाउँपालिकाभित्र जलवायु परिवर्तनले पारेको प्रभाव तथा असर बारे मध्यनजर गर्दै जलवायु परिवर्तनलाई न्युनिकरण गर्न पहल गरिनेछ ।

**ख) फोहोरमैला व्यवस्थापनः**

- गाउँपालिका क्षेत्रको फोहोरमैला तथा बजार व्यवस्थापन गरी प्रभावकारी रुपमा गाउँपालिकालाई स्वच्छ, हराभरा, सुन्दर राख्न फोहोरमैला व्यवस्थापनको लागि पहल गरिनेछ ।

**ग) विपद व्यवस्थापनः**

- गाउँपालिका भित्र हुन सक्ने विपद् व्यवस्थापन गर्न एक आकस्मिक(विपद व्यवस्थापन) कोषको व्यवस्था गरिनेछ।
- गादी, भलुवाही खोलामा आवश्यकता अनुसारको तटबन्ध निर्माण गरिनेछ।

**५. संस्थागत विकास तथा सेवा प्रवाहः**

**क) मानव संशाधन विकासः**

- गाउँपालिकाकामा उपलब्ध मानव संशाधनहरुको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- सबै वडा कार्यालयहरु तथा गाउँपालिकामा नागरिक वडापत्रको व्यवस्था गर्दै चुस्त दुरुस्त सेवा प्रवाहको लागि पहल गरिनेछ ।
- कर्मचारीको मनोबल उच्च राख्न गाउँपालिकाका उत्कृष्ट कर्मचारीलाई पुरस्कत तथा निकृष्ट कर्मचारीहरुलाई कडा कारवाही गरिनेछ ।

**ख) सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोगः**

- गाउँपालिका तथा वडा कार्यालयबाट प्रवाह हुने सेवामा विद्युतीय सूचना प्रविधिको अत्याधिक प्रयोग गर्दै सेवा प्रवाहलाई सरल, छिटो र छरितो बनाइनेछ ।
- कर्मचारीहरुको कार्यालय समय पालनासमन्धी आचरण लाई नियमित गर्न लगाइनेछ ।
- ग्रुप एस एम एसको प्रयोगबाट एकिकृत रुपमा जानकारी पठाईनेछ।
- अनआईल घटना दर्तालाई वडा बाटै संचालन गरिनेछ।

**ग) वित्तीय व्यवस्थापनर सुशासनः**

**i. राजस्व परिचालनः**

- आम जनतालाई कर तथा राजश्वको महत्वका बारेमा जनचेतना बिस्तार गरिनेछ ।
- करका थप दायरा तथा स्रोतको पहिचान गरी कर संकलन कार्यलाई व्वयस्थित तथा सजिलो बनाउन गाउँघरमा नै गई कर संकलन अभियान संचालन गरिनेछ।

- राजस्व संकलन कार्यलाई अनलाईन मार्फत गरिने व्यवस्था गरिनेछ।

**ii. बेरुजु फर्छ्यौटः**

- यस गाउँपालिकालाई बेरुजु रहित गाउँपालिका बनाइनेछ । साथै साविकका गा.वि.स.का पुरानो बेरुजुहरु नियमानुसार असुल उपर गरिनेछ । समयमै वेरुजु असुल उपर गर्ने व्यक्ति संस्थालाई उचित पुरस्कारको व्यवस्था गरिनेछ । वेरुजु असुलीलाई कडाइका साथ अवलम्वन गरी बेरुजु रहित गाउँपालिका वनाइनेछ ।

**iii. सार्वजनिक सुनुवाईः**

- गाउँपालिकाबाट प्रवाह हुने सेवाको बारेमा समय समयमा सार्वजनिक सुनुवाई गरिनेछ ।
- पटेर्वा सुगौली  नगरवासीमा गाउँपालिका बाट प्रदान गरिने सेवा सुविधाहरप्रति सुशासनको अनुभव दिलाउन सामाजिक परीक्षणको परिपाटी समेत अँगीकार गरिनेछ।

**आदरणीय सभाध्यक्ष महोदय,**

यस गाउँपालिकाको अगामी आ.व २०७९/०८० मा गाउँपालिकाको कुल अनुमानित बजेट रु ४१ करोड १० हजार रहेको अनुमान गरेको छु। जसमा नेपाल सरकार वा संघीय सरकारबाट वित्तिय समानिकरण अनुदान रु. १० करोड ६२ लाख, विभिन विषयगत स्रोतमा गरी शर्सत अनुदान अन्तर्गत रु. १४ करोड ९१ लाख, सम्पूरक पुँजिगत अनुदान ५० लाख, विशेष अनुदान २ करोड, राजश्व बाडफाडबाट प्राप्त हुने आय रु ८ करोड १२ लाख १२ हजार रहेको छ ।त्यसै गरी मधेश प्रदेश सरकारबाट वित्तिय सामानिकरण अनुदान रु. ७४ लाख ४८ हजार, विशेष अनुदान रु. ३० लाख, सम्पूरक अनुदान रु. २० लाख , आन्तरीक तथा अन्य आय तर्फ रु. १ करोड १० लाख ५० हजार र आ.व २०७८।०७९ को अलया रु. २ करोड ५० लाख रुपैयाँ अनुमान गरीएको छ।

अन्तयमा यस सभामा प्रस्तुत गाउँपालिकाको लक्ष्य तथा उदेश्यहरुलाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि सम्बन्ध सबैजनाबाट सहयोगको अपेक्षा गर्दै वार्षिक निती तथा कार्यक्रम अनुसार वार्षिक योजना तर्जुमा कार्यमा सक्रिय एवम् रचनात्मक सहयोग पुर्याउने हुने वडाध्यक्ष ज्यूहरु, वडा सदस्यहरु एवम् गाउँपालिका अन्तर्गतका सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद** !!!

श्री ममता महतो
उपाध्यक्ष
पटेर्वा सुगौली गाउँपालिका, पर्सा
मिति : २०७९ असार १० गते शुक्रबार